गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश नेपाल

# गण्डकी गाउँपालिका अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७८

गाउँ कार्यपालिकावाट स्वीकृत मिति २०७८/०८/१२

प्रमाणिकरण मिति २०७८/०८/१४

गण्डकी गाउँपालिका

गोरखा

गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिका अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

०७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४



Scanned with CamScanner

# गण्डकी गाउँपालिका अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७८

प्रमाणिकरण मिति: २०७८।०८।१४

प्रस्तावना

गण्डकी गाउँपालिका क्षेत्रभित्र रहेका कृषकहरुले पालि आएका गाई, भैसी, भेडा, बाख्रा, बंगुर पशुहरुको अचानक हुने मृत्युको क्षतिबाट जोगाई आर्थिक नोक्सानी न्यूनीकरण गर्ने उद्देश्यले पशु विमा गर्दा विमितले तिर्नुपर्ने कुल विमा शुल्कको ५० प्रतिशत रकम अनुदान यस गाउँपालिकाबाट कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराई गाई, भैंसी, बाख्रा तथा बंगुरहरुलाई विमा गरी उनीहरुको आर्थिक तथा सामाजिक हैसियत सबल तथा सक्षम बनाउन गाउँपालिकाको तर्फबाट विमितले तिर्नुपर्ने कुल विमा शुल्कको ५० प्रतिशत अनुदानमा पशु विमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न कृषकलाई पशुपालन व्यवसायमा जोखिम बहन गर्ने समक्ष बनाउन वाञ्छनीय भएकोले गण्डकी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधीको नाम अनुदानमा आधारित पशु विमा कार्यक्रम २०७८ रहेको छ ।

ख) यो कार्यविधी गण्डकी गाउँपालिका स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा :

क) अनुदानमा आधारित पशु विमा कार्यक्रम भन्नाले गण्डकी गाउँपालिकाबाट कृषकले व्यहोर्ने कुल बिमा शुल्कको ५०% रकमलाई जनाउनेछ ।

ख) "कार्यपालिका" भन्नाले गण्डकी गाउँ कार्यपालिकालाई जनाउनेछ ।

ग) "पशु विमा" भन्नाले सरकारी मान्यता प्राप्त बिमा कम्पनी वा सहकारी संस्था मार्फत गरिने पशुधन सुरक्षा (लघु बिमा) कार्यक्रम मार्फत गरिने बिमा समेतलाई जनाउनेछ ।

घ) शाखा भन्नाले पशु सेवा शाखालाई जनाउँछ ।

## परिच्छेद -२

३. कृषकले यो कार्यक्रम प्राप्त गर्नको लागि गण्डकी गाउँपालिकाभित्रका पशुपंक्षी पालक कृषक, फर्म, समूह, समिति वा सहकारी संस्था भएको हुनुपर्नेछ । यो कार्यक्रम लागु गराउनु अघि कृषकलाई अनुसूची- २ बमोजिम सुचना प्रकाशन गर्नेछ ।

१) अनुदानमा पशु विमा सेवा संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः



७८।८।१४
जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

क) कुनै पनि कृषकको पशु (गाई, गोरु, भैंसी, राँगा, भेंडा, बाखा, बोका र वीर, भुनि बंगुर) मा विमा सेवा गराएको पशुको पहिचान खुल्ने पशु पहिचान पट्टा (Tag Number), सेवा प्राप्त कृषकको सम्पर्क नं., सेवा उपलब्ध गराएको मिति तथा आवश्यक विवरणहरु पुर्ण रुपमा उल्लेख गरी अनुसुची १ बमोजिम पेश गर्नु पर्नेछ।

ख) पशुपालक कृषक गण्डकी गाउँपालिका क्षेत्रभित्रको हुनु पर्नेछ र पशुपंक्षि बिमा सम्बन्धी कृषक/समुह/सहकारीहरुलाई अभिमुखिकरण तालिम प्रदान गरिनेछ।

ग) पुर्व विमा गरिएका पशु भएमा यो सेवा लिन पुनः नवीकरण गरेको हुनु पर्दछ।

घ) सम्बन्धित वडा कार्यालको सिफारिसमा अनुदान वापतको रकम बिमा कम्पनी वा सहकारी संस्थालाई भुक्तानी दिईनेछ।

ङ) विमा गर्दा लाग्ने विमाङ्क प्रिमियम रकमको अनुदान रकम सरकारी मान्यता प्राप्त बिमा कम्पनी, कृषक, कृषक समुह, सहकारी संस्था वा सूचीकृत बिमा अभिकर्तालाई उपलब्ध गराईने छ।

च) मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिई यस कार्यालयमा विमा अभिकर्ता सुचिकृत भएको हुनु पर्नेछ। विमा अभिकर्ताले उक्त कार्यमा सहजीकरण गर्न सक्नेछन् तथा आवश्यक विवरणहरु पूर्ण रुपमा उल्लेख गरी अनुसूची ३ बमोजिम पेश गर्नु पर्नेछ। तर बिमा अभिकर्तालाई कुनै किसिमको आर्थिक सुविधा उपलब्ध गराइने छैन।

छ) विमित पशुको कुनै कारणवस मृत्यु भएमा सो को जानकारि सम्बन्धित शाखा वा वडा कार्यालयमा विमा अभिकर्ताले अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ।

ज) विमा अनुदान सेवा उपलब्ध गराए बापतको रकम यस कार्यालयबाट उपलब्ध गराईनेछ।

झ) विमा अभिकर्ताले सेवा उपलब्ध गराए बापतको रकम भुक्तानी लिंदा एउटै पशुमा एक पटक भन्दा बढी सेवा पुऱ्याए बापतको भुक्तानी गाउँपालिकाबाट गरिने छैन। तर झुक्याई भुक्तानी लिएमा, नक्कली कागजात बनाई भुक्तानीका लागि पेश गरेमा सम्बन्धित् पशु विमा अभिकर्ता, कम्पनी तथा सहकारी संस्था स्वयं जवाफदेही हुनेछ र निज अभिकर्ता भएमा निजले पुनः कुनै पशुको विमा गरेमा भुक्तानी यस कार्यालयबाट उपलब्ध गराईने छैन साथै निजको सूचीकरण रद्ध गरी निजले पाउने भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ।

ञ) विमा अनुदानको विमाङ्क प्रिमियम रकम लिंदा सहकारी संस्था तथा कम्पनीले विमा गरेको १५ दिन भित्रमा यस कार्यालयमा आवश्यक कागजागत (विमा Policy) सहित जानकारी गराउनु पर्नेछ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

ट) विमा रकम दावी गर्न आउदा विमित पशुको संकेत पट्टा (tag number) स्पष्ट देखिने फोटो सहित आउनु पर्नेछ ।

ठ) कृतिम गर्भाधान गरी जन्मिएका पाडा पाडी/बाच्छाबाच्छी, विशेष आनुदानबाट सञ्चालित कार्यक्रम लाई निशुल्क विमा गरिनेछ ।

## परिच्छेद -३

४ .कार्यक्रमको खर्च :

क) गण्डकी गाउँपालिकाभित्रका गाई/भैंसी/भेडा ,बाखा/वंगुरमा अनुदानमा विमा सेवा संचालन कार्यको लागि आवश्यक वजेट व्यवस्था गण्डकी गाउँपालिका कार्यपालिकाको कार्यालयले गर्नेछ । उक्त विमा अनुदान रकम अक्षेरुपी रु पाँच लाख (५,००,०००) रहेको छ ।

ख) कार्यक्रम अनुगमन तथा मुल्यांकन वडा शाखा र गाउँपालिकावाट हुनेछ ।

५. थपघट वा हेरफेर गर्न सक्ने :

यो निर्देशिका कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसुचि -१

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विमा प्राविधिक/अभिकर्ता /सहकारी/ समुह संस्था वा कम्पनीको नामः–

| क.सं. | पशु धनीको नाम थर | मिति | ठेगाना | फोन नं/ मोवाईल नं | पशुको जात | विमा संकेत नं. | रंग | कृषकको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

पेश गर्ने: रुजु गर्ने: प्रमाणित गर्ने:

अनुसुचि -२
गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

**पशुपंक्षी बिमामा बिमितले तिर्नुपर्ने कुल बिमा शुल्कको ५०% अनुदान सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना**

गण्डकी गाउँपालिका पशु सेवा शाखा भुम्लिचोकको आ.व. २०७८/०७९ को आर्थिक स्वीकृत कार्यक्रम अनुसार पशुपंक्षी कुल बिमा शुल्कको ५०% अनुदान कार्यक्रम सम्बन्धिको लागि गण्डकी गाउँपालिकाका पशुपंक्षी पालक कृषक, फर्म, समूह, समिति वा सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले २०७९/०३/०५ भित्र उल्लेखित कागजात सहित पशु सेवा शाखा वा वडाको पशुसेवा उपशाखामा तपशिल बमोजिम निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | कुल बजेट | आवस्यक कागजात र मापदण्ड |
|---|---|---|---|
| १. | पशुपंक्षी तथा कार्यक्रम | ५ लाख | १. रु १० को टिकट सहितको निवेदन<br>२.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>३. पशुको संख्या र जात (गाइ, भैंसी, बाखा, लेयर्स कुखुरा, माछा, हाँस आदी)।<br>४. बिमितको नागतिकताको प्रतिलिपि वा संस्थाको नाममा बिमा लेखा जारि भएको हकमा सस्था दर्ता सम्वन्धि कागजात<br>५. अन्य बिमा कम्पनी बाट बिमा गरेको भए बिमा पोलिसी , बिमा शुल्क तिरेको बिल।<br>६. स्वीकृति बार्षिक बजेट परिधि भित्र रही सूचना प्रकाशन मितिदेखि २०७९/०३/०५ भित्र पशुपंक्षी वा माछा बिमा गरेका आवेदकहरुलाई कुल बिमा शुल्कको ५०% हुन आउने रकम ऊपलब्ध गराउन सकिने छ। |



Scanned with CamScanner

गण्डकी गाँउपालिका
कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल

अनुसुचि-३

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

विमा अभिकर्ताको निवेदन

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,

विषयः विमा अभिकर्ता सुचिकृत हुन पाउँ ।

महोदय,

मलाई गण्डकी गाउँपालिकावाट अनुदानमा विमा सेवा संचालन सम्बन्धी अभिकर्ताको रुपमा कार्य गर्न ईच्छा भएकाले तपशिल अनुसारको कागजात राखि यो निवेदन पेश गर्दछु ।

तपशिलः

१. मान्यता प्राप्त विमा कम्पनिबाट विमा अभिकर्ता तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।

२. एस.एल.सी./एस.ई.ई. तथा जे.टी./जे.टी.ए. प्रमाणपत्रको प्रतिलिपि ।

३. नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदकको
नाम थर :
ठेगानाः
सम्पर्क नं

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिका अनुदानमा आधारित पशु विमा कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner